Non-Resident Nepali Association (NRNA)
गैरआवासीय नेपाली संघ

*Ref. N-401/023-25*

श्री राष्ट्रिय समन्वय परिषद्का अध्यक्षज्यूहरू,

विषयः **सदस्यता वितरण सम्बन्धमा ध्यानाकर्षण तथा निर्देशन**

उपरोक्त सम्बन्धमा, सन् २०२५ अक्टोबर ११ देखि १४ तारिखसम्म १२औं अन्तर्राष्ट्रिय महाधिवेशन आयोजना हुन लागेको जानकारी तपाईंहरूलाई भइसकेको नै छ। साथै, संघको विधानको दफा २४(१) अनुसार राष्ट्रिय महाधिवेशनहरू यसै वर्षको जुलाई महिनाभित्र सम्पन्न हुनु पर्नेछ।

संघको विधानको अनुसूची ८(ख) अनुसार सदस्यता वितरण अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निर्धारण गरेको Membership Management System (MIS) मार्फत मात्र गर्नुपर्ने वैधानिक व्यवस्था रहेको छ। MIS प्रणालीमार्फत वितरण गरिएका सदस्यताहरूलाई मात्र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महाधिवेशनमा मतदान गर्ने र उम्मेदवार बन्न पाउने वैधानिक अधिकार प्राप्त हुने कुरा स्मरण गराउँछौं।

संघको यस वैधानिक व्यवस्थाअनुसार सदस्यता वितरण नगरेमा, संघको विधान २००३ (२०२२ को संशोधन सहित) को दफा १७(७) मा प्रावधान भए बमोजिम सम्बन्धित राष्ट्रिय समन्वय परिषद्को मान्यता फिर्ता गरी वैकल्पिक माध्यमबाट राष्ट्रिय महाधिवेशन सम्पन्न गर्न सकिनेछ भन्ने जानकारी गराउँछौं।

भवदीय,

गौरीराज जोशी
महासचिव

२१ मे २०२५